**नेपाली / *NEPALI***

अक्टोबर १०, २०२२

लागि: डीन, निर्देशक, विभागीय प्रमुख, *HR* प्रतिनिधि र सुपरभाईजरहरू

*cc:* संकाय, शैक्षिक कर्मचारी, युनिभर्सिटी कर्मचारी

बाट:
Jennifer L. Mnookin, कुलपति
Karl Scholz, प्रोभोस्ट र शैक्षिक मामिलाका उपकुलपति
Rob Cramer, अर्थ र प्रशासनका उपकुलपति

बारे: साझा प्रशासन समर्थन गर्ने

*University of Wisconsin–Madison* लाई काम गर्न र शिक्षाको लागि उत्कृष्ट ठाउँ बनाउने धेरै कारणहरू मध्ये साझा प्रशासनप्रतिको हाम्रो संस्थागत प्रतिबद्धता एउटा कारण हो।

एउटा गहिरो सहकार्य प्रक्रिया जसमा संकाय, शैक्षिक र विश्वविद्यालयका कर्मचारीहरू र विद्यार्थीहरूको प्रतिक्रियाले अझै सोचविचारका साथ लिइएको निर्णयहरू र अझै समावेशी नीतिहरू बनाउन अनुमति दिन्छ।

*UW–Madison* सबैभन्दा बलियो हुन्छ जब साझा प्रशासन परम्परालाई सम्मान गरिन्छ र क्याम्पसमा उठेका आवाजहरूको जानकारीलाई ध्यानमा राखिन्छ।

विश्वविद्यालयका अगुवाहरूको रूपमा हामी सबैजना ऐतिहासिक रूपमा *UW–Madison* मा अभ्यास गरिएको साझा प्रशासन प्रति प्रतिबद्ध रहेका छौं, त्यसैले हामी आज तपाईंहरूलाई सम्पर्क गर्दैछौं।

हामी तपाईंलाई संकाय, शैक्षिक कर्मचारी र विश्वविद्यालयका कर्मचारी सदस्यहरू बीच साझा प्रशासन सहभागितालाई प्रोत्साहन गर्न हामीसँग सामेल हुन अनुरोध गर्दैछौं। कर्मचारीहरूलाई कामको समयमा, तलब नोक्सान नहुने तरिकाले, यी गतिविधिहरूमा संलग्न हुन अनुमति दिनुपर्दछ।

तपाईंले यस वर्ष कर्मचारी बैठकहरू आयोजना गर्नुहुँदा, क्याम्पस-व्यापी र स्कूल, कलेज, विभाग र डिभिजन स्तरहरूमा प्रशासनका अवसरहरू छलफल गर्न समय निकाल्नुहोला। औपचारिक प्रशासनमा संलग्नता र कार्यस्थलको निर्णय प्रक्रियामा सहभागिता हाम्रो विश्वविद्यालयमा मूल्यवान छ भनी कर्मचारीहरूले सुन्नुहुने हाम्रो अपेक्षा छ।

साझा प्रशासनको बारेमा थप जानकारीको लागि, कृपया http://www.wisc.edu/governance/ वेबसाईट हेर्नुहोला। यस स्रोतसाधनको वेबसाईटमा प्रत्येक प्रशासन समूहको विशिष्ट जानकारी छ।

*University of Wisconsin–Madison* को साझा प्रसाशन प्रतिको तपाईंको निरन्तर समर्थनको लागि धन्यवाद !